# सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित गरिएको विवरण



(२०८१ बैशाख - असार)

# विषयहरु:

| सि.नं. | विवरण |
|---|---|

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

३. मन्त्रालयको संगठन संरचनाः

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको दरबन्दी तेरिज

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयमा कार्यरत शाखा प्रमुख र अन्य कर्मचारीहरु

६. महाशाखागत कार्य विभाजन

७. महाशाखागत कार्य प्रगति

    प्रशासन तथा योजना महाशाखा

    यातायात व्यवस्था महाशाखा

    शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

    कानून तथा प्रदेश सभा मामिला महाशाखा

    चालु आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम र कार्यान्वयनको अवस्था

८. समस्या तथा चुनौतिहरु

९. समाधानका उपायहरु

## १. आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.१, विराटनगर, प्रदेश सरकारको नीति निर्माण एवम् कार्यान्वयन गर्ने निकाय हो। नेपालको संवि धानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूचीबमोजिम यस मन्त्रालयले मूख्यत शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, बिपद् व्यवस्थापन, द्वन्द व्यवस्थापन, कानून, न्याय, सञ्चार, यातायात तथा प्रदेश सभा मामिला र प्रदेश कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्दछ । प्रदेश सरकारका कामकारवाहीलाई सुव्यवस्थित र प्रभावकारी वनाउन शान्ति सुरक्षा साथै ऐन-कानूनको मस्यौदा तयार गर्ने, विभिन्न मन्त्रालयबाट राय माग भई आएका विषयमा सहमति प्रदान गर्ने लगायतका काम यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ तथा कार्य सम्पादन नियमावली, २०७९ ले प्रदान गरेको अन्य जिम्मेवारीसमेत सम्पादन गर्दै आएको छ ।

## २. आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ का अनुसारआन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी यस प्रकार रहेको छ-

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति,कानून र योजना तर्जुमा तथा कार्यान्वयन,नियमन,सूचना सङ्कलन,मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति,महत्वपूर्ण भौतिक संरचना,संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क,सम्बन्ध,सूचना आदान प्रदान र समन्वय,

४. संघीय कानूनबमोजिम प्रदेश प्रहरी सञ्चालन,व्यवस्थापन र नियमन,

५. प्रदेशभित्रको अपराध अनुसन्धान,सूचना सङ्कलन,रोकथाम,नियन्त्रण तथा समन्वय,

६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण,

७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,

८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन,विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षार एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त,थुनुवा वा कैदीको स्थानान्तरणसम्बन्धी,
१०. सामुदायिक प्रहरी,
११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
१२. विवाद व्यवस्थापन,
१३. संघीय मापदण्डबमोजिम हातहतियार,खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
१४. निवारक नजरबन्द र स्थानहदसम्बन्धी,
१५. अन्तरप्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,
१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन रव्यवस्थापन,
१७. विपद् व्यवस्थापन,जोखिम न्यूनीकरण,विपद् प्रतिकार्य,प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन,जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,
१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान,
१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,
२०. विपद् पूर्वसूचना प्रणाली सञ्जाल व्यवस्थापन र कार्यान्वयन,
२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
२२. प्रदेशस्तरमा सार्वजनिक बिदा,उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,
२४. अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन तथा आवास व्यवस्थापन,
२५. प्रदेशस्तरमा दी गो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,
२६. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिसम्बन्धी,
२८. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन,नियम र गठन आदेशको तर्जुमा सुधार,
२९. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,
३०. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,
३१. प्रदेश कानूनको एकीकरण, संहिताकरणतथा अभिलेख व्यवस्थापन,
३२. प्रदेश कानूनको प्रकाशन तथा वितरण,
३३. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

३४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशनएवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३५. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

३६. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्बन्धी कानूनी राय,

३७. संघीय तथा प्रदेश कानूनको कार्यान्वयन,

३८. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय रप्राधिकरणलाई कानूनी राय,

३९. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४०. न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४१. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा,सुविधा सम्बन्धी कानून तर्जुमा,

४२. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४३. प्रदेश सभासँगको समन्वय,

४४. प्रदेशस्तरको यातायातसम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४५. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन गरी प्रदेशमा नागरिकलाईझन्झटरहित, बिचौलियारहित, अनियमिततारहितर सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण,सार्वजनिक यातायातको रुट अनुमति,चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

४६. सवारी चालक अनुमती सम्बन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्वारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको व्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन,

४७. प्रदेशभित्रसार्वजनिक यातायातकोमापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४८. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

४९. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

५०. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रणसम्बन्धी योजना निर्माण र कार्यान्वयन,

५१. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,

५२. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

५३. प्रदेशभित्रसूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

५४. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण रअनुगमन,

५५. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तआवद्धता,सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्ट तथ्याङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूति,

५६. साइवर सुरक्षा अनुगमन,

५७. छापासञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, बर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

५८. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

५९. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

६०. प्रदेशस्तरीय प्रेस रजिष्ट्रारसम्बन्धी,

६१. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

६२. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

६३. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गावा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा,कार्यान्वयन र नियमन,

६४. भूमी व्यवस्थापन, भू–उपयोग तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

६५. प्रदेश संरचना निर्माणका लागि संघ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने । साथै,सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

६६. संघीय सरकारबाट भूमि सम्बन्धी नक्सा, भौगोलिक सूचनार अभिलेख प्राप्त गर्ने विषय, प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

६७. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

६८. क्रमबद्ध कित्ता नापी र भूमी लगतसम्बन्धी मापदण्ड र कार्यान्वयन,

६९. भूमिहीनकोजीविकोपार्जन र पुनःर्स्थापनासम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

७०. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिनेवा उपयोग गर्ने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

७१. गुठी तथा गुठीजग्गा व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम्सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

७२. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ३. मन्त्रालयको संगठन संरचनाः

यस मन्त्रालयको विद्यमान स्वीकृत वर्तमान सांगठनिक संरचना अनुसार ४ वटा महाशाखा, ११ वटा शाखाहरु र ५८ जनाको दरबन्दी रहेका छ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालयको संगठन संरचना र दरबन्दी विवरण

**नोट :- मन्त्रालय अन्तर्गतका निकायहरुको विवरण अनुसूची १ वमोजिम हुनेछन् ।**

**मन्त्री**

**सचिवालय**
शा.अ.-७/८(प्र.सा.प्र.)- १
सहायक/अधिकृत/सा.प्र.)- १

**प्रदेश सचिव**
(रा.प.प्रथम/प्र.).- १

**सचिवालय**
सहायक/अधिकृत ५/६- १

**प्रशासन तथा योजना महाशाखा**
उपसचिव (प्र./सा.प्र.)- ९/१०- १

- **संचार तथा सूचना प्रविधि शाखा**
  शा.अ.(प्र./सा.प्र.)- ७/८- १
  कम्प्यूटर ईन्जिनियर- ७/८(प्र./विविध)- १
  सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १
  कम्प्युटर सहायक/अधिकृत प्र./विविध- २
- **प्रशासन तथा योजना शाखा**
  शा.अ.(प्र./सा.प्र.)- ७/८- १
  सहायक/अधिकृत (प्र./सा.प्र.)- ५/६- १
  कम्प्यूटर सहायक/अधिकृत (विविध)- ५/६- १
  सहायक (प्र./सा.प्र.)- ४- १
  ह.स.चा.- ५
  का.स.- ७
- **आर्थिक प्रशासन शाखा**
  ले.अ.(प्र./ले.)- ७/८- १
  सहायक/अधिकृत (प्र./ले.)- ५/६- १
- **भूमि व्यवस्थापन शाखा**
  शा.अ.(प्र./सा.प्र.)- ७/८- १
  सहायक-अधिकृत(प्र.सा.प्र.)- ५/६- १
  नापि अ.- ७/८ (ई(सर्भे))- १
  सर्भेयर- ५ (ई(सर्भे))- १
  सहायक (प्र./सा.प्र)- ४- १

**यातायात व्यवस्था महाशाखा**
उपसचिव (प्र./सा.प्र.)- ९/१०- १

- **प्राविधिक शाखा**
  ईन्जिनियर (ईन्जि/मे/नि.उ.स.)- ७/८- १
  सहायक-अधिकृत (ईन्जि/मे/नि.उ.स.) ५/६- ३
- **यातायात व्यवस्था शाखा**
  शा.अ.(प्र./सा.प्र.)- ७/८- १
  सहायक-अधिकृत(प्र.सा.प्र.)- ५/६- २
  सहायक (ईन्जि/मे/नि.उ.स.)- ४- १
  कम्प्युटर सहायक/अधिकृत प्र./विविध- १

**शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा**
उपसचिव (प्र.सा.प्र)- ९/१०- १

- **विपद् व्यवस्थापन शाखा**
  शा.अ.(प्र./सा.प्र.)- ७/८- १
  सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- २
  सहायक (प्र./सा.प्र.)- ४- १
- **प्रहरी प्रशासन तथा अनुसन्धान शाखा**
  शा.अ.(प्र./सा.प्र.)- ७/८- १
  सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १
- **शान्ति सुरक्षा तथा कारागारव्यवस्थापन शाखा**
  शा.अ.(प्र./सा.प्र.)- ७/८- १
  सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १

**कानून तथा प्रदेश सभा मामिला महाशाखा**
उपसचिव (न्याय, कानून,)- ९/१०- १

- **कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा**
  कानून अ.(न्याय कानून)- ७/८- १
  सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १
  कम्प्युटर सहायक/अधिकृत (विविध)- ५/६- १
- **प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा**
  कानून अ.(न्याय,कानून)- ७/८- १
  सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १

४. यस मन्त्रालयले प्रदान गर्ने सेवाहरु बुँदा नं. २ मा उल्लेख भएवमोजिमहुनेछ ।

५. यस मन्त्रालयबाट प्रदान गरिने सेवासम्वन्धी शाखा र जिम्मेवार अधिकारी निम्नअनुसार रहनु भएको छ।

## ४ आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको दरबन्दी तेरिज

| पद | सेवा/समुह | श्रेणी वा तह | कूल स्वीकृत दरबन्दी | पदपूर्ती भएको स्थायी दरबन्दी | संघको दरबन्दी कामकाज | कूल रिक्त स्थायी दरबन्दी | अस्थायी/करार | पदपूर्ती |
|---|---|---|---|---|---|---|---|---|
| सचिव | प्रशासन | रा.प.प्रथम | १ | | | १ | | |
| उपसचिव | प्रशासन/सा.प्रशासन | रा.प.द्वितीय | ३ | | १ | २ | | |
| उपसचिव | न्याय/कानून | रा.प.द्वितीय | १ | | १ | | | |
| शाखा अधिकृतस्तर | प्रशासन/सा.प्रशासन | सातौं/आठौं | ८ | ३ | २ | ३ | | |
| क.ईन्जिनियर | विविध | सातौं/आठौं | १ | | | १ | | |
| मे.ईन्जिनियर | ईन्जिनियर/मेकानिकल | सातौं/आठौं | १ | १ | | | | |
| नापी अधिकृत | विविध | सातौं/आठौं | १ | | | १ | | |
| लेखा अधिकृत | लेखा | सातौं | १ | १ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | /आठौं | | | | | | |
| कानून अधिकृत | न्याय/कानून | सातौं/आठौं | २ | | २ | ० | | |
| सहायकस्तर | प्रशासन/सा.प्रशासन | पाचौं/छैटौं | १३ | ४ | २ | ७ | | ना.सु.-२ कामकाज |
| सहायकस्तर/अधिकृतस्तर | लेखा | पाचौं/छैटौं | १ | | १ | | | लेखापाल- १ कामकाज |
| सर्भेयर | इन्जि(सर्भे) | पाचौं | १ | | | १ | | |
| कम्प्युटर सहायक/अधिकृतस्तर | विविध | पाचौं/छैटौं | ५ | १ | | ४ | १ | १ करार र १ जना हाजिर हुन बाँकी |
| सहायक ई./मे.ई. | ईन्जिनियर/मेकानकिल | पाचौं/छैटौं | ३ | ३ | | | | २ अन्यत्र कामकाज |
| सहायकस्तर | प्रशासन/सा.प्रशासन | चौंथो | ३ | | १ | | | खरिदार कामकाज |
| हलुका सवारी चालक | | श्रेणी विहीन | ५ | | | ५-करार, १-ज्यादारी | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यालय सहयोगी | | श्रेणी विहीन | ७ | | | ७ -करार | | |
| राजपत्र प्रिन्टिङ अपरेटर | | श्रेणी विहिन | | | | १-ज्यालादारी | | |
| ईलेक्ट्रिसियन | | श्रेणी विहिन | | | | १-ज्यालादारी | | |
| माली | | श्रेणी विहिन | | | | १-ज्यालादारी | | |
| स्वीपर | | श्रेणी विहिन | | | | १-ज्यालादारी | | |
| पाले | | श्रेणी विहिन | | | | १-ज्यालादारी | | |
| | | | ५८ | १३ | ९ | ७ | १ | |

## ५. आन्तरिक मामिला तथा कानून मन्त्रालयमा कार्यरत शाखा प्रमुख र अन्य कर्मचारीहरु

| सि.नं. | शाखाको नाम | कार्यरत कर्मचारीको नाम, थर |
|---|---|---|
| | नि. प्रदेश सचिव श्री कमल बहादुर थापा | |
| १ | प्रशासन तथा योजना महाशाखा, यातायात व्यवस्था महाशाखा, शान्ति सूरक्षा तथा विपद् व्यवस्थापन महाशाखा | उपसचिव श्री कमल बहादुर थापा |
| २ | कानून तथा प्रदेश सभा मामिला महाशाखा | कानून उपसचिव श्री विश्वदीप बेस्रा |
| ३ | प्रशासन तथा योजना शाखा | अधिकृतस्तर आठौं सुभाष कार्की |
| | | अधिकृत छैठौं तिर्थराज बुढाथोकी |
| | | कम्प्युटर अधिकृत छैठौ मनिस कुमार तिमलसिना |
| | | नायव सुव्वा टोपेन्द्र वस्नेत |
| | | नायव सुव्वा नविन बराल |
| ४ | कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत सुनिल रेग्मी |
| ५ | प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा | कानून अधिकृत मन्जु खड्का |
| | | राजपत्र प्रिन्टिङ अपरेटर रमेश परियार |
| ६ | विपद् व्यवस्थापन शाखा | शाखा अधिकृत सदानन्द भट्टराई |
| | | अधिकृतस्तर छैटौं छविलाल खनाल |
| | | खरिदार कविता राजवंशी |
| ७ | प्रहरी प्रशासन तथा अनुसन्धान शाखा | अधिकृतस्तर आठौं शम्भु प्रसाद शाह |
| ८ | शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा | अधिकृतस्तर छैटौं शिवराज दाहाल |
| ९ | सञ्चार तथा सूचना प्रविधि शाखा | शाखा अधिकृत नारायण भण्डारी |

| | | |
|---|---|---|
| १० | भूमि व्यवस्थापन शाखा | शाखा अधिकृत डिल्लीराम सुवेदी |
| ११ | यातायात व्यवस्थापन शाखा | अधिकृत आठौं सुभाष कार्की |
| १२ | प्राविधिक शाखा | ईन्जिनियर आठौं बसन्त कुमार सह |
| १३ | आर्थिक प्रशासन शाखा | अधिकृत आठौं भगवान मान श्रेष्ठ<br>लेखापाल सुजन निरौला |
| १४ | मा. मन्त्रीज्यूको सचिवालय | अधिकृत छैटौं रूद्र अधिकारी |
| १५ | सचिवज्यूको सचिवालय | कम्प्युटर अपरेटर लक्ष्मी नारायण माझी |
| १६ | हलुका सवारी चालक | डिल्लु गिरी |
| | | पपेन्द्र मणी राई |
| | | मो. इमरान |
| | | विष्णु राजवंशी |
| | | इन्द्रेस सरदार |
| | | सुमन राजवंशी |
| १७ | कार्यालय सहयोगी | खुमा आचार्य, तारा अधिकारी, चुलुवा मंडल, रमेश चापागाई, ववितापोखरेल, दिपक गिरी, लक्ष्मी अधिकारी, सन्देश श्रेष्ठ |
| १८ | ईलेक्ट्रिसियन | कृष्ण सहनी |
| १९ | माली | शारदा ऋषिदेव |

## ६. महाशाखागत कार्य विभाजन

आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिव (निजामती सेवाको रा.प.प्रथम श्रेणी, प्रशासन सेवा) को प्रशासनिक नेतृत्वमा रहने गरी स्वीकृत भएको संगठन संरचना र दरबन्दी अनुसार यस मन्त्रालयमा ४ **वटा महाशाखाहरु** र यी **महाशाखा अन्तर्गत जम्मा ११** वटा शाखा रहेका छन्।

(क) प्रशासन तथा योजना महाशाखा

१) प्रशासन तथा योजना शाखा

२) सञ्चार तथा सूचना प्रविधि शाखा

३) आर्थिक प्रशासन शाखा

४) भूमि व्यवस्थापन शाखा

(ख) यातायात व्यवस्थापन महाशाखा

१) प्राविधिक शाखा

२) यातायात व्यवस्था शाखा

ग) शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

१) विपद् व्यवस्थापन शाखा

२) प्रहरी प्रशासन तथा अनुसन्धान शाखा

३) शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा

(घ) कानून तथा प्रदेश सभा मामिला महाशाखा

१) कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा

२) प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा

## ७. महाशाखागत कार्य प्रगति

## प्रशासन तथा योजना महाशाखा

## . प्रशासन तथा योजना शाखा

१.मन्त्रालय परिसरमा आवास भवन तथा विपद् गोदामघरको निर्माण कार्य सम्पन्न भएको।

२.संविधान दिवस, प्रजातन्त्र दिवस र गणतन्त्र दिवसका अवसरमा विभिन्न कार्यक्रम गरिएको।

३.मन्त्रालय परिसरमा कलात्मक बगैंचा निर्माण सम्पन्न भएको।

४.प्रशासन तथा योजना सम्बन्धी नियमित कार्यहरु गरिएको।

## २. सञ्चार तथा सूचना प्रविधि शाखा

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कूल बजेट | प्रगति विवरण | वित्तिय प्रगति विवरण | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रदेशस्तरमा ट्राफिक एफ.एम. स्थापना | २५ | बजेट प्रर्याप्त नभएको हुँदा कार्यक्रम सञ्चालन हुन नसकेको | ०।०० | ०।०० |
| २ | सञ्चारमाध्यमको सहयोगमा पर्यटन प्रबर्द्धन प्रचार प्रसार | २५ | अन्तरक्रिया कार्यक्रम सञ्चालन, भिडियो उत्पादन तथा प्रसारण | २१।८२ | ८७।२८ |
| ३ | चियाको पत्रकारिता सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन | २० | कार्यक्रम सञ्चालन नभएको | ०।०० | ०।०० |
| ४ | मोरङ सुनसरी जिल्लाको उत्तरी क्षेत्रमा चलचित्र नगरी छायाँकन स्थल अध्ययन | ७५ | जग्गा उपलब्ध नभएको | ०।०० | ०।०० |
| ५ | ज्येष्ठ पत्रकार सम्मान तथा अनुभवको बायोग्राफी निर्माण | १५ | कार्यक्रम सञ्चालन नभएको | ०।०० | ०।०० |
| ६ | चलचित्र छायाँकनस्थल निर्माण साझेदारी | १०० | डि.पि.आर. तयार नभएको हुँदा कार्यक्रम सञ्चालन नभएको | ०।०० | ०।०० |
| ७ | चलचित्र महोत्सव सञ्चालन | ५० | कार्यक्रम सञ्चालन भएको | ४९।८६ | ९९।७२ |
| ८ | प्रदेश पत्रकार महासंघको क्षमता अभिवृद्धि कार्यक्रम | १० | कार्यक्रम सञ्चालन भएको | ९।९९ | ९९।९० |
| ९ | पत्रकार लेखनवृत्ती कार्यक्रम | २५ | कार्यक्रम सञ्चालन भएको | २४।७० | ९८।८० |
| १० | प्रदेश डायरी कार्यक्रम (रेडियो तथा टेलिभिजन) | ४० | दररेट पेश गर्ने फर्म/कम्पनीको आवश्यक योग्यता नपुगेको हुँदा | ०।०० | ०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यक्रम रद्द गरिएको | | |
| ११ | पत्रकारिता दिवस तथा पत्रकार सम्मान कार्यक्रम | ७ | कार्यक्रम सञ्चालन भएको | ५।६६ | ८०।८६ |
| १२ | प्रदेश पत्रकार संघ संस्थाहरुलाई संस्थागत अनुदान | २५ | कार्यक्रम सञ्चालन भएको | २३।०० | ९२।०० |
| १३ | सन्देशमूलक सूचना प्रकाशन तथा प्रसारण | १० | कार्यक्रम सञ्चालन भएको | ८।७९ | ८७।९० |
| १४ | सञ्चार प्रतिष्ठान स्थापना | १० | कानून अभावमा कार्यक्रम सञ्चालन हुन नसकेको | ०।०० | ०।०० |
| १५ | सूचना तथा सञ्चार सम्बन्धी कानून कार्यविधिहरु निर्माण | ५ | शुरुवात भएको | १।२३ | २४।६० |
| १६ | विभिन्न सञ्चार माध्यमहरुको अनुगमन निरीक्षण | ३ | जनशक्तिको अभावमा कम भएको | ०।२६ | ८।६७ |
| १७ | ब्रोडकाष्टिङ एसोसिएसन अफ नेपालको क्षमता अभिवद्धि कार्यक्रम | १० | उक्त संस्थाको संस्था नवीकरण नभएको कारण कार्यक्रम सञ्चालन नभएको | ०।०० | ०।०० |
| १८ | सामुदायिक रेडियो प्रसारक संघको क्षमता अभिवृद्धि कार्यक्रम | १० | कार्यक्रम सञ्चालन भएको | ९।९७ | ९९।७० |
| **कूल जम्मा** | | **३९७५** | | **१५५।२८** | **३९।०६** |

| ३. आर्थिक प्रशासन शाखा | | | |
| --- | --- | --- | --- |
| **प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम** | | | |
| **निकाय** | **चालु** | **पूँजीगत** | **जम्मा** |
| **आ.मा.तथा का.मन्त्रालय** | ४४४७०६००० | ७९६०००००० | ५२४३०६००० |
| **८ ओटा यातायात व्यवस्था कार्यालय तथा सेवा कर्यालयहरु** | २०६९८८००० | ७४७०००० | २१४४५८००० |
| **कुल जम्मा** | ६५१६९४००० | ८७०७०००० | ७३८७६४००० |
| वित्तीय प्रगति | | | |
| **निकाय** | चालु खर्च | पूँजीगत खर्च | जम्मा खर्च |
| **आ.मा.तथा का.मन्त्रालय** | २३६१०५२८० | २०५८९४७९ | २५६६९४७५९ |
| **८ ओटा यातायात व्यवस्था कार्यालय तथा सेवा कर्यालयहरु** | १७३४९१००० | ६३३३००० | १७९८२४००० |
| **कुल जम्मा** | ४०९५९६२८० | २६९२२४७९ | ४३६५१८७५९ |
| | ६२.८५% | ३०.९२% | ५९.०९% |

# बेरुजु अंक

## आ.व.२०८०/८१ को बेरुजु विवरण (नियमित गर्नुपर्ने, असुल गर्नुपर्ने र पेश्की बाँकी छुट्टिने गरी)- विगत वर्षको सहित

| सि.नं. | विवरण | २०७९/८० | २०७८/७९ | २०७७/७८ | २०७६/७७ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नियमित गर्ने | १९३३५७३३ | ३८३३६१८९ | १,३६,२४,७३४ | ५६९८२१९ | ७६९९४८७५.२० |
| २ | असुल गर्ने | ११००५७८ | ८३८३३१ | ० | १,६२,८०० | २१०१७०९.२० |
| ३ | पेश्की | ० | 0 | ० | ० | ० |
| जम्मा | | **२०४३६३११** | **३९१७४५२०** | **१,३६,२४,७३४** | **५८६१०१९** | **७९०९६५८४.४०** |

## बेरुजु प्रतिशत (%)

| सि.नं. | विवरण | २०७९/८० | २०७८/७९ | २०७७/७८ | २०७६/७७ |
|---|---|---|---|---|---|
| १ | नियमित गर्ने | ९५% | ९८% | १% | ९७% |
| २ | असुल गर्ने | ५% | २% | ०% | ३% |
| ३ | पेश्की | ०% | ०% | ०% | ०% |
| जम्मा | | १००% | १००% | १००% | १००% |

## हाल सम्म सम्परीक्षण भएको बेरुजु र बाँकी

| सि.नं. | विवरण | गत विगतको बेरुजु रकम | सम्परीक्षण भएको बेरुजु रकम | फर्छ्यौट हुन बाँकि बेरुजु रकम |
|---|---|---|---|---|
| १ | नियमित गर्ने | ८४०२८६६५।२० | ७०३३७९० | ७६९९४८७५।२० |
| २ | असुल गर्ने | २१०१७०९।२० | ० | २१०१७०९।२० |
| ३ | पेश्की | ० | ० | ० |
| जम्मा | | **८६१३०३७४।४०** | **७०३३७९०** | **७९०९६५८४।४०** |
| | | | | |

## ४. भूमि व्यवस्थापन शाखा

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | स्वीकृत बजेट (रु.हजारमा) | माइलस्टोन | प्रगती |
|---|---|---|---|---|
| १ | प्रदेश भूमि व्यवस्थापन सम्वन्धी कानून तर्जुमा | १०००.० | आवस्यक कानूनहरु निर्माण हुनेः १. भूमिहिन तथा सुकम्वासीहरुको जिविकोपार्जन सम्वन्धी कार्यविधि २. एकिकृत वस्ति स्थापना का लागी विपन्न तथा सुकुम्वासी हरुको ऋण अनुदान कार्यविधि ३. अन्य आवस्यक कार्यविधिहरु | विपन्न तथा सुकुम्वासीहरुलाई जग्गा खरिदमा व्याज अनुदान कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८० र सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८० तर्जुमा भएको |
| २ | प्रदेश भित्रका सार्वजनिक तथा गुठी जग्गाको अभिलेख संकलन | १५००.० | सार्वजनिक तथा गुठी जग्गाहरुको अभिलेख तयार हुने | अभिलेख संकलन भएको |
| ३ | भूमिसुधार तथा मालपोत कार्यालय सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | १२५००.० | मालपोत कार्यालयहरुको श्रेस्ता वाइन्डिङ, फर्निसिङ तथा मेसिनरी सामाग्री मार्फत सेवा प्रवाह गुणस्तरिय हुने | कार्यान्वयन भएको |
| ४ | विभिन्न मालपोत तथा नापी कार्यालयहरुको अनुगमन | ३००.० | २५ वटै नापी तथा मालपोत कार्यालयहरुको सेवा प्रवाहमा पृष्ठपोषण हुने | अनुगमन भएको |
| ५ | नापि तथा मालपोत कार्यालयहरु संगको वार्षिक समिक्षा गोष्ठी | ६००.० | समस्या तथा चुनैतिका वारेमा जानकारी भइ समस्या समाधान हुने | कार्यान्वयन नभएको |
| ६ | भूमिहिन तथा सुकुम्वासीहरुलाइ स्वरोजगारमुलक जिविकोपार्जन सम्वन्धि कार्यक्रम सञ्चालन | ९०००.० | सिपमुलक तालिम प्राप्त गरि भूमिहिनहरुको जिविकोपार्जन भएको हुने/उपकरण हस्तान्तरण/विउ पुँजी | कार्यान्वयन प्रकृयामा जाँदा सेवा प्रदायक संस्था छनौट हुन नसकेको |

| | | | | |
|---|---|---|---|---|
| ७ | मेरो कित्ता तथा Nepal Land Information System सञ्चालनका लागि १५ वटा नापी कार्यालयहरुलाई एकमुष्ट अनुदान | ७५००.० | १५ वटा नापी कार्यालयहरु Land Information System मा समाहित हुने | अनुदान गएको |
| ८ | AO scanner/ plator खरिद | १०००.० | स्क्यानर खरिद भइ नापी कार्यालयको सेवा सुदृढ हुने | खरिद भई हस्तान्तरण भएको |
| ९ | एकिकृत वस्ती स्थापनाका लागि विपन्न तथा सुकुम्बासीहरुलाई जग्गा खरीदका लागि प्रोत्साहन कार्यक्रम | २००००.० | विपन्न तथा सुकुम्बासीहरुले जग्गा प्राप्त गरेको हुने | कार्यक्रम कार्यान्वयन नभएको |
| | **जम्मा बजेट** | **५३४००.०** | | |
| १० | कोशी प्रदेश सरकारको भौतिक संरचना निर्माणका लागि जग्गा प्राप्ती | | प्रदेश सरकारको संरचना निर्माणका लागि जग्गा प्राप्ति हुने | साविक बखरी गाविस हाल विराटनगर महानगरपालिका वडा नं. ५ मा ५ विगाहा जग्गा प्राप्तिका लागि सरकारी जग्जा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति २०७९ को दफा ५ बमोजिमको समितिबाट सिफारिस भई भुमि व्यबस्थापन तथा अभिलेख विभागमा पठाइएको। |

## यातायात व्यवस्था महाशाखा

## ५. यातायात व्यवस्था शाखा

. सडक दुर्घटना सम्बन्धी सचेतना कार्यक्रम मोरङ, झापा, सुनसरी, उदयपुर र ओखलढुङ्गाका विभिन्न स्थानमा सम्पन्न भएको।

. परीक्षणकालिन सवारी चालक अनुमतिपत्रको कार्ड, प्रिन्टर र कार्टेज खरिद सम्पन्न भएको तथा उक्त सामाग्रीहरु हस्तान्तरणको प्रक्रियामा रहेको।

. राडार गन खरिद गरी हस्तान्तरण गरिएको  तथा प्रदूषण परीक्षण यन्त्र यातायात कार्यालयलाई हस्तान्तरण गर्ने प्रक्रियामा रहेको।

. माध्यमिक तहमा अध्ययनरत् विद्यार्थीहरुलाई सवारी तथा लाइसेन्स सम्बन्धी अभिमुखिकरण कार्यक्रम झापा, मोरङ तथा इलाम जिल्लाको विभिन्न विद्यालयहरुमा सम्पन्न गरिएको।

. इलामको पशुपतिनगरमा सवारी पटके बाटो इजाजत राजश्व संकलन केन्द्रको स्थापना।

. ट्राफिक सचेतना सम्बन्धी आवश्यक सामग्री खरिद गरी कोशी प्रदेश ट्राफिक प्रहरीलाई हस्तान्तरण गरिएको।

. स्वचालित प्रणाली अन्तर्गत कोशी प्रदेशभरिका सार्वजनिक यातायातले लिने भाडादर निर्धारण / समायोजन गरिएको।

. मिति २०८१ साल असारमा  १४ वटै जिल्लामा एकैसाथ ट्राफिक सप्ताह सम्पन्न गरेको।

. मातहतका यातायात व्यवस्था/सेवा कार्यालयहरुको समय-समयमा अनुगमन तथा नियमन हुने गरेको।

. यातायात व्यवस्था/सेवा कार्यालयहरु (उदयपुर, धनकुटा, इलाम  र झापा) मा सार्वजनिक सुनुवाई सम्पन्न गरेको।

. हालसम्म यातायात कार्यालयहरुबाट संकलन भएको विवरण

| | |
|---|---|
| **राजश्व** | : २९३९१०४६७९ |
| **सवारी दर्ता** | : ३५९६९ |
| **स.चा.अ.प. वितरण** | : ३८३४० |

## यातायात कार्यालयहरुबाट संकलित (आ.व. २०७८/७९ , २०७९/८० र २०८०/८१ ) सम्मको राजश्व विवरण

| आ.व. | राजश्व | प्रतिशत |
|---|---|---|
| २०७८/७९ | २,६३,३३,३१,४२४ | ७.५७% |
| २०७९/८० | २,८०,२०,३०,४१२ | ६.०२% |
| २०८०/८१ | २९३९१०४६७९.०० | ४.८९% |

## आ.व. २०८०/८१ मा यातायात कार्यालयहरुमा दर्ता भएका विभिन्न प्रकारका सवारी साधनहरुको विवरण

| क्र.सं. | सवारी विवरण | यातायात व्यवस्था/सेवा कार्यालयहरु | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईलाम | झापा | धनकुटा | सवारी-सुनसरी | चालक अनुमतिपत्र-सुनसरी | मोरङ | ओखलढुङ्गा | उदयपुर | |
| १ | बस | १ | १५६ | ६ | १०५ | | ४ | | 6 | २७८ |
| २ | मिनीबस | | १० | | ४ | | | | 2 | १६ |
| ३ | माइक्रोबस | | १८ | | ९ | | | २ | 8 | ३७ |
| ४ | जिप | ६ | १६० | | ९ | | ४४ | ८ | 6 | २३३ |
| ५ | कार | २ | २७० | | ७ | | ९१ | | 3 | ३७३ |
| ६ | ई-कार | १ | | | ३२ | | २५ | | | ५८ |
| ७ | ट्याक्सी | | | | | | | | | ० |
| ८ | भ्यान | ८ | १३६ | | १२ | | ३ | | 19 | १७८ |
| ९ | पिकअप | १० | १२९ | १ | १५ | | ४९ | १२ | 5 | २२१ |
| १० | ट्याक्टर | ४ | १४५ | २ | ११५ | | १०८ | ९ | 11 | ३९४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | एम्बुलेन्स | ३ | ६ | | ६ | | ४ | | 2 | २१ |
| १२ | दमकल | | | | १ | | | | | १ |
| १३ | टेम्पो पेट्रोल | ४७ | २४५ | १८ | ४५ | | १ | ३ | 31 | ३९० |
| १४ | टेम्पो डिजेल | | | | | | | | | ० |
| १५ | टेम्पो ब्याट्री | | | | ३ | | | | | ३ |
| १६ | ई-रिक्सा | | १७०५ | | २२६६ | | ८९ | | 131 | ४१९१ |
| १७ | मोटरसाईकल | ७६९ | ७६१५ | ६० | ९९४८ | | १२२३ | १०४ | 1129 | २०८४८ |
| १८ | स्कुटर | २६६ | | ११ | ७१३९ | | ३०२ | ३० | 330 | ८०७८ |
| १९ | ई-स्कुटर | | | | २७३ | | ५ | | | २७८ |
| २० | मोपेड | | ० | | | | १ | | | १ |
| २१ | ट्रक | | ७८ | १ | ७१ | | ८ | | 21 | १७९ |
| २२ | मिनीट्रक | | १४ | १ | ३१ | | १ | | 4 | ५१ |
| २३ | टिपर | ३ | १४ | १ | ४९ | | | | | ६७ |
| २४ | टयाङ्कर | | | | | | | | 1 | १ |
| २५ | टयाङ्की | | १ | | | | | | | १ |
| २६ | क्रेन | | ३ | | | | | | | ३ |
| २७ | स्काभेटर | | ६ | | | | | | 1 | ७ |
| २८ | ब्याकहुलोडर | | ३ | | ९ | | ३ | | 4 | १९ |
| २९ | लोडर, ग्रेडर | | २ | | | | | | | २ |
| ३० | कन्टेनर | | १ | | | | | | | १ |
| ३१ | पावर टेलर | | | | | | | | | ० |
| ३२ | डोजर | | | | | | | | | ० |
| ३३ | कम्प्याक्टर | | | | | | | | | ० |
| ३४ | फोर्क लिफ्ट | | | | | | | | | ० |
| ३५ | शवबाहन | | | | १ | | २ | | | ३ |
| ३६ | रोलर | | | | | | | | | ० |
| ३७ | मिक्सचर | | | | | | | | | ० |
| ३८ | ई-लोडर | | | | १७७ | | | | | १७७ |
| ३९ | अन्य | | | | | | | | | ० |
| जम्मा | | ११२० | १०७१७ | १०१ | २०३२७ | ० | १९६३ | १६८ | १७१४ | ३६११० |

# आ.व. २०७९/८० र २०८०/८१को राजश्व, सवारी दर्ता र सवारी चालक अनुमति पत्रको तुलनात्मक विवरण

| क्र.सं. | कार्यालयको नाम | ठेगाना | राजश्व विवरण आ.व. २०७९/८० | राजश्व विवरण आ.व. २०८०/८१ | घटबढ प्रतिशत (%) | सवारी दर्ता विवरण २०७९/८० | सवारी दर्ता विवरण २०८०/८१ | घटबढ प्रतिशत (%) | स.चा.अ.प. विवरण २०७९/८० | स.चा.अ.प. विवरण २०८०/८१ | घटबढ प्रतिशत (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | यातायात व्यवस्था सेवा कार्यालय | ईलाम | १००२४१५८६.०० | १०९८७४३७३.०० | ९.६१ | १००८ | १११२ | १० | ८७८६ | ४१९५ | -५२ | |
| २ | यातायात व्यवस्था कार्यालय | झापा | ८८०६८७२४७.०० | ९३२१६६८१३.०० | ५.८५ | ७२९६ | १०७१७ | ४७ | ३०५५८ | २००६३ | -३४ | |
| ३ | यातायात व्यवस्था सेवा कार्यालय | धनकुटा | ६११४७५२०.०० | ६०९१५१७२.०० | -०.३८ | ९५ | १२५ | ३२ | ६८२४ | २८०५ | -५९ | |
| ४ | यातायात व्यवस्था कार्यालय, सवारी | सुनसरी-१ | १०९६३३०७८२.०० | ११७४४५७३४५.०० | ७.१३ | १७८९१ | २०१४१ | १३ | [redacted] | | | |
| ५ | यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. | सुनसरी-२ | १८९६३५०००.०० | १५०२४१५००.०० | -२०.७७ | [redacted] | | | ४१२१६ | २६९७८ | -३५ | |
| ६ | यातायात व्यवस्था सेवा कार्यालय | विराटनगर | ३१६३७१३३८.०० | ३६७७८२८३५.०० | १६.२५ | १९९९ | १९६३ | -२ | १२०४९ | ८०४४ | -३३ | |
| ७ | यातायात व्यवस्था कार्यालय | ओखलढुङ्गा | ३०१५३४६८.०० | ३५६५७३५७.०० | १८.२५ | १६८ | १६७ | -१ | ८७६ | ३७५ | -५७ | |
| ८ | यातायात व्यवस्था कार्यालय | उदयपुर | १२७४६३४७१.०० | १०८००९२८४.०० | -१५.२६ | १९९२ | १७४४ | -१२ | १०२९७ | २९४३ | -७१ | |
| कूल जम्मा | | | २,८०,२०,३०,४१२ | २९३९१०४६७९.०० | ४.८७ | ३०४४९ | ३५९६९ | १८ | ११०६०६ | ३८३४० | -६५ | |

# आ.व. २०८०/८१ को सवारी साधनको प्रकृतिका आधारमा कार्यालयगत सवारी दर्ता, स.चा.अ.प. वितरण र राजश्वको विवरण

| सि.नं. | महिना | राजश्व विवरण | दुई पाङ्ग्रे सवारी दर्ता | तीन पाङ्ग्रे सवारी दर्ता | चार पाङ्ग्रे सवारी दर्ता | निजी सवारी दर्ता | सार्वजनिक सवारी दर्ता | सरकारी सवारी दर्ता | अन्य सवारी दर्ता | जम्मा | दुई पाङ्ग्रे स.चा.अ.प. विवरण | चार पाङ्ग्रे स.चा.अ.प. विवरण | ई-रिक्सा स.चा.अ.प. विवरण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | यातायात व्यवस्था सेवा कार्यालय, इलाम | १०९८७४३७३.०० | १०२७ | ४७ | ४८ | १०२० | ५४ | ४५ | १ | ११२० | २५६२ | १६३३ | ० | ४१९५ |
| २ | यातायात व्यवस्था कार्यालय, झापा | ९३२,१६६,८१३.०० | ७६१५ | ११५० | ११५२ | ९४४९ | १२५७ | ११ | | १०७१७ | ११४४३ | ७७९३ | ८२७ | २००६३ |
| ३ | यातायात व्यवस्था सेवा कार्यालय, धनकुटा | ६०९१५१७२.०० | ७३ | १९ | ९ | ८१ | १३ | ७ | ० | १०१ | १५६१ | ३५९ | ७५ | १९९५ |
| ४ | यातायात व्यवस्था कार्यालय, सवारी, सुनसरी | ११७४४५७३४५ | १७३६० | २३१४ | ६५३ | १७५४८ | २६७९ | १०० | ० | २०३२७ | [redacted] | | | |
| ५ | यातायात व्यवस्था कार्यालय, स.चा.अ.प., सुनसरी | १५०२४१५०० | [redacted] | | | | | | | | १४५५९ | १०७७१ | १६४८ | २६९७८ |
| ६ | यातायात व्यवस्था सेवा कार्यालय, मोरङ | ३६७७८२८३५ | १५३१ | ९० | ३४२ | १८८३ | ३४ | ४६ | ० | १९६३ | ५४०३ | २२१४ | ४२७ | ८०४४ |
| ७ | यातायात व्यवस्था कार्यालय, ओखलढुङ्गा | ३०१५३४६८ | १३३ | ३ | ३२ | १४७ | १६ | ५ | ० | १६८ | | | | ० |
| ८ | यातायात व्यवस्था कार्यालय, उदयपुर | १०८००९२८४ | १४५२ | १७० | ९२ | १५०६ | १४८ | ६० | ० | १७१४ | २२१६ | ६४६ | ८१ | २९४३ |
| कूल जम्मा | | २,९३३,६००,७९०.०० | २९१९१ | ४५९३ | २३२८ | ३१६३४ | ४२०१ | २७४ | १ | ३६११० | ३७७४४ | २३४१६ | ३०५८ | ६४२१८ |

# ६. प्राविधिक शाखा

**सवारी साधनहरुको विवरण**

| संस्थाको नामः | चार पाङग्रे | दुई पाग्रे |
|---|---|---|
| १. मन्त्रालय | १२ वटा | ३९ |
| २. यातायात विराटनगर | ० | ७ |
| ३. यातायात सवारी इटहरी | १ | ९ |
| ४. यातायात लाइसेन्स इटहरी | १ | ७ |
| ५. यातायात झापा | १ | १० |
| ६. यातायात धनकुटा | ० | ३ |
| ७. यातायात उदयपुर | ० | ५ |
| ८. यातायात ओखलढुंगा | १ | ३ |
| ९. यातायात इलाम | ० | २ |
| जम्मा | १६ | ८५ |

**सञ्चालनमा रहेका ड्राईभिङ सेन्टरहरुको विवरणः**

| जिल्लाको नामः | संख्या | दर्ता भएको संख्या |
|---|---|---|
| १. सुनसरी | ३० | ६ |
| २. मोरङ | १२ | ११ |
| ३. झापा | २६ | ७ |
| ४. धनकुटा | ३ | १ |
| ५. उदयपुर | १ | १ |
| ६. इलाम | १ | १ |
| ७. ओखलढुङ्गा | १ | १ |
| ८. पाँचथर | १ | १ |

**यस मन्त्रालयमा दर्ता भएका ड्राईभिङ सेन्टरहरुको जम्मा संख्या २९**

**यस मन्त्रालयमा दर्ता भएका वर्कशपहरुको संख्या जम्मा ४**

ड्राईभिङ सेन्टरहरुबाट दर्ता नवीकरण वापतको राजश्वः

२०७८/७९ सम्मको रु.७,५२,५००/-

२०७९/८० को रु.१,२३,०००/-

२०८०/८१ को रु.१,४०,०००/-

वर्कशप/ कारखानाहरुबाट दर्ता नवीकरण वापत राजश्वः

२०७८/७९ सम्मको रु.१,२८,०००/-

२०७९/८० को रु. ११,०००/-

२०८०/८१ को रु. १८,०००/-

# शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

## ७. विपद् व्यवस्थापन शाखासँग सम्बन्धी बार्षिक कार्य प्रगति विवरण

- मनसनुजन्य विपद्बाट प्रभावित ४१९ निजी आवासहरूको पुनर्निर्माण तथा पुनर्स्थापना र ३७निजी आवासहरूकोप्रबलीकरणका लागि रकम निकासा गरिएको।
    - पाँचथरका १९७ लाभग्राहीहरूको पहिलो किस्ता, भोजपुरका ४८ लाभग्राहीहरू मध्ये ३८ जना लाभग्राहीहरूको अन्तिम किस्तासम्म र १० जना लाभग्राहीहरूको पहिलो किस्ता, इलामका १०७ जना लाभग्राहीहरूको पहिलो किस्ता, ताप्लेजुङका ६२ जना लाभग्राही मध्ये ८ जनाको अन्तिम किस्तासम्म. ३९जनाको दोस्रो किस्तासम्म र १५ जनाको पहिलो किस्ताको मात्र र झापाका ५ जना मध्ये १ जनाको अन्तिम किस्तासम्म र बाँकी ४ जनाको पहिलो किस्ताको मात्र रकम निकासा भएको।
- एकीकृत विपद् व्यवस्थापन गर्ने उद्देश्य अनुरूप सहलगानीमारंगेली नगरपालिका, अर्जुनधारा नगरपालिका र कोशी गाउँपालिका केन्द्र रहेको मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि २/२ करोड रकम निकासा भई भवन निर्माण कार्य भइरहेको।
- जिल्ला प्रशासन कार्यालयहरूबाट राहत लागि सिफारिस भई आएका ३७५ परिवारलाई विपद्बाट भएको क्षति मूल्याङ्कनको आधारमा र मृत्यू भएका ९ जना मृतका परिवारलाईराहत रकम उपलब्ध गराइएको (आ.ब. २०८०/८१ मा जम्मा १ करोड ७ लाख ११ हजार रकम निकासा)।
- मोरङको रंगेली, सुनसरीको बर्जु, इलामर उदयपुरमा आगलागीबाट पीडित परिवारलाई तथा सोलुखुम्बु, ओखलढुङ्गा जिल्लाको चिशंखुगढी गाउँपालिका र सनुकोशी गाउँपालिकामा पहिरोबाट विस्थापित परिवारलाई राहत सामग्री उपलब्ध गराइएको। साथै विभिन्न जिल्लाका सितलहरबाट प्रभावित परिवारलाई ब्याङ्केट उपलब्ध गराइएको।

- कर्णाली प्रदेशको जाजरकोट लगायतका जिल्लामा गएको भुकम्पबाट प्रभावित मानिसका लागि राहत स्वरूप कर्णाली प्रदेश सरकारलाई १ करोड रकम तथा ३०० थान ब्यालङ्केट र१० रोल म्याट प्लास्टिक सामग्री उपलब्ध गराइएको।
- उर्लाबारीमा भएको आगलागीबाट पिडित व्यक्तिहरूलाई उद्धार गरी अस्पतालहरूमा उपचार गराइएको र उपचार खर्चवापत ९ लाख ८७ हजार ४ सय ४ रूपैया सम्बन्धित अस्पतालमा निकासा गरिएको।
- नेपाली सेना पूर्वी पृतना हेडक्वाटर इटहरी सुनसरीसँगको सहकार्यमा प्रदेश मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, ४ वटै सुरक्षा निकाय र संघ सस्थाहरूका प्रतिनिधिहरूको सहभागितामा १ दिने सैद्धान्तिक ज्ञान, १ दिने TTX र १ दिने कृतिम घटना अभ्यास गरी कार्यक्रम सम्पन्न गरिएको।
- सशस्त्र प्रहरी बल नेपालसँगको सहकार्यमा गोताखोर तालिम सम्पन्न गरिएको।
- प्रहरीका जवान/अधिकृत — ९० जना तथा सशस्त्र प्रहरी बल नेपालका जवान/अधिकृत- ३५ जना गरी १२५ जनालाई विपद् प्रतिकार्य सम्बन्धी ( अग्नी नियन्त्रण र मेडिकल फस्ट रेस्पोण्डर सम्बन्धी) तालिम प्रदान गरिएको।
- मनुसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८१ विपद व्यवस्थापन परिषद्बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- प्रदेशबासीलाई विपद् सम्बन्धी पूर्व सूचना दिई विपद् जोखिम न्यूनीकरण गर्न सहयोग पुर्‍याउने हेतुले विपद् पोर्टल सञ्चालनमा ल्याइएको।
- प्रकोप जोखिम क्षेत्रहरूको नक्साङ्कन कार्यका लागि प्रारम्भिक तथ्याङ्क संकलन/राय सुझाव लिने प्रयोजनका लागि १४ वटै जिल्लामा कार्यशाला सम्पन्न गरिएको।
- २ करोड रकम विपद कोपमा जम्मा हुने गरी निकासा गरिएको।
- आ.व. २०८०/०८१ मा प्रदेश विपद् व्यवस्थापन परिषद्को १ वटा र कार्यकारी समितिको २ वटा बैठक सम्पन्न भएको।
- यस बर्षको मनसुन शुरू भएसँगै विपदबाट भएको क्षतिको यथार्थ विवरण जानकारी गराउन विपद् दैनिक बुलेटिन प्रकाशनमा ल्याइएको।

## ८. प्रहरी प्रशासन तथा अनुसन्धान शाखा

१. हामी स्वयम्सेवी अभियान कार्यक्रम निर्देशक तथा १४ ओटै जिल्लामा जिल्ला संयोजक छनौट कार्यसम्पन्न गरिएको।

२. धनकुटाको हिलेमा जिल्ला संयोजकहरुलाई ५ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको।

३. विभिन्न प्रहरी कार्यालयहरुको अनुगमन गरिएको।

## ९. शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा

१. श्री सशस्त्र प्रहरी बल नेपाल, बराह बाहिनी मुख्यालय, पकली सुनसरीसँग सुरक्षित सीमा सुरक्षित जीवन कार्यक्रम सञ्चालन गर्न सम्झौता भई कार्यसम्पन्न भएको।

२. २०८१ साल जेठ २७ र २८ गते विराटनगरमा प्रदेश सुरक्षा गोष्ठी सम्पन्न भएको।

३. प्रदेश सुरक्षा नीति २०८० को प्रारम्भिक मस्यौदा गरिएको।

४. कोशी प्रदेशस्थित सुरक्षा निकायका प्रमुख, प्रदेशका सबै जिल्लाहरुका प्रमुख जिल्ला अधिकारी लगायतको सहभागितामा प्रदेशको विद्यमान सुरक्षा अवस्था, समस्या र चुनौती तथा आगामी कार्यभार लगायतका विषयमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी मिति २०८१ जेठ २७ र २८ गते सम्पन्न भएको।

५. प्रदेशको समग्र सुरक्षा व्यवस्थापनका सम्बन्धमा प्रदेश सुरक्षा समन्वय समितिको बैठक ११ पटक बसेको।

# कानून तर्जुमा तथा प्रदेश सभा मामिला महाशाखा

## १०. कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा

| क्र.सं. | मुख्य कार्य | कार्यानवयन तथा प्रगती | कैफियत |
|---|---|---|---|
| १ | मन्त्रालयको कार्यविभाजन अनुसार तर्जुमा भएका कानूनः | • १ अध्यादेश,२ वटा कार्यविधि तथा १ निर्देशिकाको मस्यौदा सहित तर्जुमा ४ वटा कानून तर्जुमा ((१) केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८० को मस्यौदा एवं जारी र खारेजी लागि पठाईएको, (२) कोशी प्रदेश बिपन्न तथा सुकुम्बासीहरुलाई जग्गा खरिदमा ब्याज अनुदान कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८० तर्जुमा, (३) कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० तर्जुमा, (४) लागु औषध नियन्त्रण, सचेतना प्रवर्द्धन, मानव बेचबिखन एवम् पुनर्स्थापना केन्द्रसँग सहकार्य र अनुदान वितरण कार्यक्रम सञ्चालन निर्देशिका, २०८० तर्जुमा)<br>• सुरु मस्यौदा गरेका कानून- १० वटा (मन्त्रालयले मस्यौदा गरेका कानूनहरुः (१) सवारी चालक अनुमतिपत्र प्रशिक्षण केन्द्र (छनौट तथा सञ्चालन), कार्यविधि, २०८०, (२) कानूनी सहायता कार्यक्रम सञ्चालन कार्यविधि, २०८० (३) विपद खोज उद्धार राहत वितरण मापदण्ड, २०७६ को दोस्रो संशोधन (४) केही प्रदेश ऐनमा साविकको व्यवस्था जगाउने विधेयक (५) वृहत वराहक्षेत्र, हलेसी, पाथीभरा र केचना कञ्चनजघा विकास समितिको ४ वटा गठन आदेश (६) संचार माध्यमको व्यवस्थापन सम्बन्धि विधेयक (७) प्रदेश सभाका पदाधिकारीको सुविधा सम्बन्धी अनुसूची हेरफेर।) | |
| २ | बिषयगत मन्त्रालय, पालिका तथा अन्य निकाय लाई राय/ सहमतिः | सैद्धान्तिक सहमति- ४ वटा (प्रदेश सामयिक कर असूल सम्बन्धी,कोशी प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धि,प्रदेश जैविक विषादी सम्बन्धी, प्रदेश बीउ बिजन सम्बन्धी विधेयक तर्जु गर्न)<br>• नयाँ विधेयक तथा संशोधन विधेयकमा तर्जुमा सहमति-७ (सामयिक कर असुली, विनियोजन,आर्थिक विधेयक तथा संशोधन विधेयकमा कृषि व्यवस्था प्रवर्द्धन अनुदान ऐन, प्रदेश जनस्वास्थ्य ऐन, प्रदेश निजामती | |

| | | | |
|---|---|---|---|
| | | सेवा ऐन, प्रदेश सहकारी ऐन )<br>• गठन आदेश- ५ (हलेसी, बराहक्षेत्र, पाथीभरा, केचना-कंचनजंघा, प्रदेश योजना आयोगको संशोधन)<br>• नियमावली/कार्यविधि/मापदण्ड/ निर्देशिका/मार्गदर्शन (संशोधन समेतमा)- ३६ वटा<br>• अन्य राय- ६ | |
| ३ | बार्षिक कार्यक्रम कार्यान्वयनको प्रगतिः | • प्रदेश ऐन तथा नियमावलीहरुलाई संकलन तथा एकिकरण गरी प्रदेश ऐन/ नियम संग्रहको प्रकाशन तथा मन्त्रालय, पालिका, बार एशोसिएशन, अदालत लगायतमा वितरण गरिएको।<br>• कानून तर्जुमा सम्बन्धी क्षमता अभिवृद्धी कार्यक्रम मन्त्रालयहरुका उपसचिव, अधिकृत तथा कानून अधिकृतको सहभागितामा नेपाल कानून आयोगका सहसचिवको सहजीकरणमा सम्पन्न भएको।<br>• उच्च अदालतका मुख्य न्यायाधिश तथा न्यायाधिश र जिल्ला न्यायाधिश, सहन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ता, प्रमुख जिल्ला अधिकारी, बार एशोसिशन, उपभोक्ता संरक्षण मञ्च, गैर सरकारी संस्था महासंघ, माइती नेपाललगायतको उपस्थितिमा प्रदेश कानून तर्जुमा र कार्यान्वयन सम्बन्धी सरोकारवालाहरु सँग अन्तर्किया कार्यक्रम विराटनगरमा सम्पन्न।<br>विद्यार्थीहरुलाई कानूनी शिक्षा सचेतना कार्यक्रम अन्तर्गत खोटाङ,ओखलढुङ्गा, झापा, इलाम, मोरङ, सुनसरी जिल्लाका केहि सामुदायिक विद्यालयका कक्षा ९ देखी १२ सम्म अध्ययरत रहेका विद्यार्थीहरु मध्येबाटकरीब ७०० विद्यार्थीहरुको सहभागितामा परामर्शतादाता मार्फत समेत सचेतना कार्यक्रम सञ्चालन गरिएको, | |
| | | | |
| | | | |

## ११. कानून प्रकाशन शाखा

| क्र.सं. | मुख्य कार्य | कार्यानवयन तथा प्रगती | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | राजपत्र प्रकाशन | प्रदेश सरकार (मन्त्रिस्तर) तथा प्रदेश प्रमुखको कार्यालयबाट प्रमाणित भई राजपत्र छपाईका लागि प्राप्त ४२ वटा कानून लगायतका सूचनाहरुको सम्पादन तथा प्रकाशन गरी ५१०० थान राजपत्रहरु छपाई तथा वितरण गरिएको। | |
| ५ | कुटनीतिक राहदानी सिफारीसः | माननीय उद्धव थापा, माननीय भक्ति प्रसाद सिटौला, माननीय विनोद वान्तवा राई, माननीय राजन किराती, माननीय सम्झना तामाङको कुटनीतिक राहदानी सिफारिसमा लागि प्रस्ताव पेश एवं नेपाल सरकार प्रधानमन्त्रीको कार्यालयमा सिफारिस। | |

# चालु आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम र कार्यान्वयनको अवस्था

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | प्रस्तावित आ.व. ०८०।८१ रु. हजारमा | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | जेनरेटर खरिद | १०,०० | खरिद नभएको |
| २ | लागु औषध पुनर्स्थापना केन्द्रलाई अनुदान | १,००,०० | १४ ओटा पुनर्स्थापना केन्द्रलाई अनुदान वितरण |
| ३ | विपद् व्यवस्थापन कोष सञ्चालन | २,००,०० | भएको |
| ४ | मनसुनजन्य विपदबाट प्रभावित निजी आवाशहरु पुनर्निर्माण तथा पुनर्स्थापना (प्रदेश सरकार ३०% लागत सहभागिता) | ३,००,०० | विपद्बाट क्षति भएका निजी आवासको पुनर्निर्माण पुनर्स्थापना र प्रबलिकरणका लागि १ करोड १४ लाख ४५ हजार खर्च भएको। |
| ५ | सुरक्षा निकायहरुको भवन निर्माण | ५,७५,०० | बाँडफाँड गरिएको |
| ६ | महिला मैत्री ईलाका प्रहरी कार्यालय पशुपतिनगर भवन निर्माण क्रमागत | २७,४० | बाँडफाँड गरिएको |
| ७ | मन्त्रालय परिसरमा आवास भवन र विपद् गोदामघर निर्माण | २०,०० | सम्पन्न भएको |
| ८ | अस्थायी सवारी चालक अनुमतिपत्र कार्ड | २०,०० | खरिद गरिएको |

| | | | |
|---|---|---|---|
| | प्रिन्टर कार्टेज खरिद | | |
| ९ | सडक सुरक्षा प्रविधिमैत्री बनाउन सि सि क्यामेरा खरिद | १,००,०० | बोलपत्रदाता छनौट हुन नसकि रद्द भएको |
| १० | एकिकृत बस्ती स्थापनाका लागि विपन्न तथा सुकुम्बासीहरुलाई जग्गा खरिदका लागि प्रोत्साहन कार्यक्रम | २,००,०० | कार्यविधि निर्माण भएको। कार्यक्रम कार्यान्वयन हुन नसकेको। |
| ११ | स्थानीय तहको न्यायिक समितिको क्षमता विकास तथा कानूनी एकरुपता सम्बन्धी कार्यक्रम | ६०,०० | समय अभावका कारण प्रस्तावदाताहरुको छनौट हुन नसकेको |
| १२ | आत्महत्या निरुत्साहन रोकथामका लागि मनोपरामर्श सञ्चालनका लागि अनुदान कार्यक्रम | ५०,०० | १४ लाख ४१ हजार खर्च भएको |
| १३ | हामी स्वयम्सेवी (विपद्, लागु औषध र नागरिक शिक्षा) | ३,००,०० | आंशिक कार्य भएको |
| १४ | प्रदेश प्रहरी समायोजन व्यवस्थापन | २५,०० | |
| १५ | सामुदायिक प्रहरी प्रवर्धन | २५,०० | कोशी प्रदेश प्रहरी कार्यालयसँग सम्झौता भई रू. १५ लाख बराबरको कार्य भएको |
| १६ | स्थानीय तहहरुसँगको सहकार्यमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना | ८,००,०० | रङ्गेली क्लस्टर, अर्जुनधारा कल्स्टर र कोशी गापा क्लस्टरमा जम्मा रू ६ करोड रकम निकासा भएको |
| १७ | कानूनी सहायता कार्यक्रम | ८०,०० | कानून तर्जुमाका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सहमतिकालागि पठाइएको तर सहमति प्राप्त नभएको |
| १८ | चलचित्र छायाङ्कनस्थल निर्माण सहयोग साझेदारी | १,००,०० | डि.पि.आर. तयार नभएको हुँदा कार्यक्रम सञ्चालन नभएको |
| १९ | प्रदेश डायरी कार्यक्रम (रेडियो तथा | ५०,०० | दररेट पेश गर्ने |

| | | | |
|---|---|---|---|
| | टेलिभिजन) | | फर्म/कम्पनीको आवश्यक योग्यता नपुगेको हुँदा कार्यक्रम रद्द गरिएको |
| २० | भूमिसुधार तथा मालपोत कार्यालयहरुको सेवा प्रवाह सुदृढिकरण | १२५,०० | सम्बन्धित भूमि सुधार तथा मालपोत कार्यालयहरुमा बाँडफाँड भईसकेको |
| २१ | मेरो कित्ता तथा Nepal Land Information System संचालनका लागी अनुदान | ७५,०० | सम्बन्धित नापी कार्यालयहरुमा बाँडफाँड भईसकेको |
| २२ | जिल्ला प्रशासन कार्यालयहरुको सेवा प्रवाह सुदृढिकरण | ७०,०० | १४ ओटै जिल्ला प्रशासन कार्यालयहरुमा रू. ५ लाखको दरले बाँडफाँड भइसकेको |
| २३ | उच्च अदालत, जिल्ला अदालत, सरकारी वकिल कार्यालय, वार एसोसिएसन हरुको सेवा प्रवाह सुदृढिकरण | १,३०,००<br>(६०,००+२०,००+५०,००) | सम्बन्धित कार्यालयहरुमा बाँडफाँड भईसकेको |
| २४ | यातायात कार्यालयहरुको सेवा प्रवाह सुदृढिकरण | ४०,०० | ८ ओटा यातायात कार्यालयहरुलाई रू ५ लाखका दरले बाँडफाँड भएको |
| २५ | आकस्मिक/आपतकालीन विपद् सामग्री व्यवस्थापन तथा पुनर्स्थापना | २५,०० | खर्च नभएको |
| २६ | यातायात व्यवस्था कार्यालयहरको भवन निर्माण | १,००,०० | जग्गा व्यवस्थापन हुन नसकेको |
| २७ | महिलामैत्री कोशी प्रदेश प्रहरी कार्यालय भवन निर्माण | ५२,३२ | बाँडफाँड भएको |
| २८ | सवारी प्रदुषण परीक्षण यन्त्र खरिद | १०,०० | खरिद भएको |
| २९ | ट्राफिक लाईट खरिद तथा जडान | ५०,०० | खरिद एवम् जडान सम्पन्न भएको |
| ३० | सुरक्षा निकायहरुको भौतिक संरचनाहरुको मर्मत संभार | ३,००,३० | बाडफाँड हुन नसकेको |
| ३१ | सुरक्षित सडकको लागि सवारी चालकको लागु औषध प्रयोग परीक्षण कार्यक्रम | १०,०० | लागूऔषध परीक्षण किट खरिद गरी कार्यक्रम |

| | | | |
|---|---|---|---|
| | | | अगाडि बढेको |
| ३२ | Landscaping Work (मेन गेट तथा कम्पाउण्ड वाल) कोशी प्रदेश प्रहरी कार्यालय | ५५,१० | कार्यान्वयन हुन नसकेको |
| ३३ | प्रदेश भूमि व्यवस्थापन सम्बन्धी कानून तर्जुमा | १०,०० | ▪ विपन्न तथा सुकुम्वासीहरुलाई जग्गा खरिदमा व्याज अनुदान कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८० र<br>▪ सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८० तर्जुमा भएको |
| ३४ | प्रदेश भित्रका सार्वजनिक तथा गुठि जग्गाको अभिलेख संकलन | १५,०० | परामर्शदाता मार्फत गुठी जग्गाको अभिलेख सङ्कलन गरिएको |
| ३५ | सार्वजनिक यातायातमा डिजिटलाइजेसन प्रवर्धन | ५०,०० | बजेट समर्पण गरिएको |
| ३६ | स्थानीय युवा, स्काउट तथा स्वयम्सेवीहरुसँगको विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २५,३० | ९ लाख ६० हजार बराबरको कार्यक्रम गरिएको |
| ३७ | विपद् व्यवस्थापनमा प्रतिकार्यको लागि कृतिम घटना अभ्यास र तालिम | १४,०० | सुनसरीको चतरामा कृतिम घटना अभ्यास र तालिम सम्पन्न भएको |
| ३८ | अन्तर प्रदेश अनुभव आदानप्रदान तथा सुरक्षा नीति सम्बन्धी कार्यक्रम | ५,०० | कार्यक्रम हुन नसकेको |
| ३९ | प्रतिक्षालय सुधार नमूना कार्यक्रम | १,००,०० | बजेट समर्पण गरिएको |
| ४० | प्रदेशस्तरमा ट्राफिक एफ.एम. स्थापना | २५,०० | बजेट खर्च हुन नसकेको |

| | | | |
|---|---|---|---|
| ४१ | सञ्चारको माध्यमको सहयोगमा पर्यटन प्रवर्धन प्रचार प्रसार | २०,०० | कार्यक्रम सम्पन्न भएको |
| ४२ | चियाको पत्रकारिता सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन | २०,०० | कार्यक्रम हुन नसकेको |
| ४३ | चलचित्र महोत्सव संचालन | ५०,०० | झापाको बिर्तामोडमा उद्धाटन र मोरङको विराटनगरमा सम्पन्न |
| ४४ | प्रदेश पत्रकार संघ संस्थाहरुलाई संस्थागत अनुदान | २५,०० | कार्यक्रम सञ्चालन भएको |
| ४५ | ब्रोडकास्टिङ्ग एशोसिएन अफ नेपालको क्षमता विकास कार्यक्रम, कोशी प्रदेश मात्र | १०,०० | उक्त संस्थाको संस्था नवीकरण नभएको कारण कार्यक्रम सञ्चालन नभएको |
| ४६ | AO SCANNER/PLOTTER खरिद | १०,०० | खरिद भएको |
| ४७ | RADOR GUN/LIDIR GUN खरिद | १०,०० | खरिद भएको |
| ४८ | ट्रायल सेन्टरहरुको स्तरोन्नति तथा मर्मत | २०,०० | बजेट समर्पण भएको |
| ४९ | प्रदेश पर्यटन प्रहरीको निम्ति तालिम तथा अन्य व्यवस्थापन | २५,०० | कोशी प्रदेश प्रहरी कार्यालय मार्फत कार्यक्रम सम्पन्न भएको |
| ५० | वरावाहिनी गोताखोर तालिम संचालन | २०,०० | तालिम सम्पन्न भएको |
| ५१ | सुरक्षा निकाय संलग्न अन्तरक्रिया कार्यक्रम | १५,१५ | कार्यक्रम सम्पन्न भएको |
| ५२ | मोरङ सुनसरी जिल्लाको उत्तरी क्षेत्रमा चलचित्र नगरी छायाङ्कन स्थल अध्ययन | ७,५० | कार्यक्रम हुन नसकेको |
| ५३ | विपद् व्यवस्थापनका सम्बन्धमा अन्तर प्रदेश अनुभव आदान प्रदानका लागि अध्ययन भ्रमण कार्यक्रम | ५,०० | कार्यक्रम हुन नसकेको |

## समस्या तथा चुनौतीहरु

- ✓ स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति हुन नसक्नु।
- ✓ विपद् व्यवस्थापनमा अन्तर तह व्यवस्थापन, समन्वय र उचित तालमेलको अभाव। एउटै घटनामा संघ, प्रदेश र स्थानीय तहले राहत दिँदा दोहोरो पर्ने गरेको।
- ✓ योजनावद्ध रुपमा विपद् जोखिम न्यूनीकरणका कार्यलाई अगाडी बढाउन नसकिनु।
- ✓ प्रदेश तहमा निरन्तर विपद् तथा जलवायु परिवर्तन बारे अध्ययन, अनुसन्धान, लेखाजोखा, नक्साङ्कन हुन नसक्नु।
- ✓ राहत वितरणका लागि एकीन तथ्याङ्क प्राप्त गर्न कठिनाई। विपद् व्यवस्थापनको कार्यमा दक्ष जनशक्ति अभाव।
- ✓ भूमि व्यवस्थापनसम्बन्धी प्रभावकारी कार्य गर्न नसक्नु। मालपोत र नापी कार्यालय संघ मातहत संचालनमा रहनु।
- ✓ कानून तर्जुमा गर्दा पर्याप्त छलफल नहुनु।
- ✓ NEOC, PEOC, DEOC / LEOC बीच प्रभावकारी अन्तरसम्बन्ध हुन नसक्नु।
- ✓ केन्द्रबाट प्रदेश गोदाम घरमा आउनु पर्ने सामाग्री प्राप्त नहुनु।
- ✓ पूर्वचेतावनी (EWS) प्रणालीको स्थापना नहुनु।
- ✓ सवारी दुर्घटना न्यूनीकरणका लागि बहुक्षेत्रगत समन्वय संयन्त्रको विकास हुन बाकी।
- ✓ संघीय सुरक्षा निकायहरुसँग समुचित समन्वयको प्रभावकारी संयन्त्रको अभाव
- ✓ जिल्लाबाटै भईरहेको सञ्चार माध्यमहरुको दर्ता नविकरण प्रदेशमा केन्द्रीकृत।
- ✓ सवारी चालक अनुमति पत्र कार्ड छपाई सम्बन्धी औजार उपकरणको अभाव। संघमा निर्भर हुनु परेको।
- ✓ ध्वनी प्रदुषण मापन सम्बन्धी कार्य नहुनु।

## समस्या समाधानका उपायहरु

- ✓ स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्ने।
- ✓ विपद् व्यवस्थापनमा अन्तर तह व्यवस्थापन, समन्वय र उचित तालमेलका लागि आवश्यक सहकार्य गर्नुपर्ने।
- ✓ विपद् जोखिम न्यूनीकरणका कार्यका लागि योजनाबद्ध रुपमा कार्य अगाडी बढाउन पर्ने।
- ✓ प्रदेश तहमा विपद् तथा जलवायु परिवर्तन बारे, लेखाजोखा, नक्साङ्कन अध्ययन, अनुसन्धान निरन्तर हुनु पर्ने।
- ✓ राहत वितरणका लागि एकीन तथ्याङ्क प्राप्त गर्न DEOC तथा LEOC सँग उचित समन्वय गर्नु पर्ने साथै विपद् व्यवस्थापनको कार्यमा दक्ष जनशक्तिको लागि आवश्यक तालिम उपलब्ध गराउनु पर्ने।
- ✓ कानून तर्जुमा गर्दा सरोकारवालाहरुसँग आवश्यक छलफल तथा अन्तरक्रिया गर्नुपर्ने।
- ✓ पूर्वचेतावनी (EWS) प्रणालीको स्थापना गर्नुपर्ने।
- ✓ सवारी दुर्घटना न्यूनीकरणका लागि बहुक्षेत्रगत समन्वय संयन्त्रको विकास गर्नुपर्ने।
- ✓ संघीय सुरक्षा निकायहरुसँग समुचित समन्वयको प्रभावकारी संयन्त्र खडा गर्नुपर्ने।
- ✓ प्रदेशमा केन्द्रीकृत सञ्चार माध्यमहरुको दर्ता नविकरण जिल्लाबाटै हुने व्यवस्था मिलाउनु पर्ने।
- ✓ प्रदेशबाटै सवारी चालक अनुमति पत्रको कार्ड छपाईका लागि आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था हुनु पर्ने।